गण्डकी प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रेस रजिष्ट्रारको कार्यालय

गण्डकी प्रदेश, पोखरा

## लोककल्याणकारी विज्ञापनमा सहभागी हुनका लागि सञ्चारमाध्यमलाई सूचीकृत गर्न दरखास्त आह्वान गरिएको प्रेस रजिष्ट्रारको कार्यालयको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२।१०।११**

सञ्चारमाध्यमलाई लोककल्याणकारी विज्ञापन वितरण कार्यक्रमको लागि सूचीकृत गर्ने प्रयोजनार्थ गण्डकी प्रदेशभित्रका सञ्चारमाध्यमहरूलाई गण्डकी प्रदेश, लोककल्याणकारी विज्ञापन वितरण सम्बन्धी कार्यविधि, २०८२ को अनुसूची– २ को ढाँचामा एक्काइस (२१) दिनभित्र दरखास्त दिन यो सूचना प्रकाशन गरिएको छ। लोककल्याणकारी विज्ञापन वितरण सम्बन्धी कार्यविधि, २०८२ मन्त्रालयको वेबसाइट https://ocmcm.gandaki.gov.np मार्फत प्राप्त गर्न सकिने छ ।

(१) गण्डकी प्रदेश, लोककल्याणकारी विज्ञापन वितरण सम्बन्धी कार्यविधि, २०८२ को दफा ४ को उपदफा (२) को अनुसूची-२ बमोजिमको निवेदन साथ देहायका कागजातहरू (अघिल्लो वर्षका कागजातहरु भाद्र २३ र २४ गतेको आन्दोलनमा कार्यालय जलेर नष्ट भएकाले) पेश गर्नुपर्नेछः

(क) प्रचलित कानून बमोजिम संस्था तथा सञ्चारमाध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रचलित कानून बमोजिम लिइएको इजाजतपत्र वा अनुमतिपत्र नवीकरण भएको प्रमाण,

(ग) संस्थाको स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि,

(घ) सञ्चालकको नाम, ठेगाना, सम्पर्क नम्बर सहितको विवरण,

(ङ) संस्थाको विधान/प्रबन्धपत्र/नियमावलीको प्रतिलिपि,

(च) अघिल्लो आर्थिक वर्ष (आ.व. २०८१/०८२) को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि एवम् लेखा परीक्षण प्रतिवेदन

(छ) सञ्चारमाध्यम सञ्चालनमा रहेको एक वर्ष पूरा भएको प्रमाण,

(ज) टेलिभिजनको हकमा इजाजत अनुसार भू-सतही, भू-उपग्रह तथा केबलबाट प्रसारण भएको प्रमाणपत्र,

(झ) प्रसारण माध्यमहरुले दश प्रतिशत भन्दा बढी कार्यक्रमहरू रिले प्रसारण नगरेको, टेलिभिजनको हकमा इजाजत अनुसार केबुल तथा स्याटलाइटबाट प्रसारण भएकोप्रसारण संस्थाको हकमा वर्षमा कम्तिमा तीन सय बीस दिन नियमित प्रसारण भएको, दैनिक प्रकाशनको हकमा वर्षमा कम्तिमा तीन सय बीस दिन प्रकाशन भएको र साप्ताहिक प्रकाशनको हकमा वर्षमा कम्तिमा पैतालिस अंक प्रकाशन भएको स्वघोषणा पत्र र अनलाईन सञ्चारमाध्यमको हकमा नियमित रूपमा अध्यावधिक भएको स्वघोषणा तथा प्रमाण।

(२) दरखास्त प्रेस रजिष्ट्रारको कार्यालय, गण्डकी प्रदेश, पोखरा वा कार्यालयको इमेल pro@gandaki.gov.np मार्फत तोकिएको म्याद भित्र कागजातहरू स्क्यान गरी पठाउन सकिनेछ ।

(३) म्याद नाघी आएका वा रीत नपुगेका निवेदन उपर कुनै कारबाही हुने छैन।

(४) थप जानकारीका लागि यस कार्यालयको फोन नं ०६१-४५०८५२, मोबाइल नं. ९८५६०१८८५२ मा सम्पर्क गर्न सकिने छ ।

बिमला भण्डारी
प्रेस रजिष्ट्रार

बिमला भण्डारी
प्रेस रजिष्ट्रार

अनुसुची-२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**लोककल्याणकारी विज्ञापनका लागि आवेदन दिने दरखास्तको ढाँचा**

मिति:

श्री प्रेस रजिष्ट्रारज्यू,
प्रेस रजिष्ट्रारको कार्यालय,
गण्डकी प्रदेश, पोखरा ।

**विषयः सूचिकृत गरी विज्ञापन प्रकाशन तथा प्रसारणमा सहभागी गराई पाउँ।**

उपरोक्त विषयमा मिति ......................... मा तहाँ प्रेस रजिष्ट्रार कार्यालयबाट आह्वान भएको सूचना बमोजिम लोककल्याणकारी विज्ञापन वितरण कार्यक्रममा सहभागी गराई पाउन गण्डकी प्रदेश, लोककल्याणकारी विज्ञापन वितरण सम्बन्धी कार्यविधि,२०८२ को दफा ४ को उपदफा (२) मा उल्लिखित कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु।

**१ . निवेदन दिने सञ्चारमाध्यमको विवरण :**

नाम:
ठेगाना:
फोन नं :
इमेल ठेगाना :
सञ्चालकको नाम:
सञ्चारमाध्यमको प्रकार:

(क) पत्रपत्रिका
(ख) रेडियो/एफ.एम. रेडियो
(ग) टेलिभिजन
(घ) अनलाइन सञ्चारमाध्यम

मोबाइल नं:
इमेल ठेगाना:
संस्थाको छाप:
सञ्चालक वा आधिकारिक व्यक्तिको नाम र दस्तखत:

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

**संलग्न कागजातहरू**

(क) प्रचलित कानून बमोजिम संस्था तथा सञ्चारमाध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रचलित कानून बमोजिम लिइएको इजाजतपत्र वा अनुमतिपत्र नविकरण भएको प्रमाण,

(ग) संस्थाको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,

(घ) सञ्चालकको नाम, ठेगाना, सम्पर्क नम्बर सहितको विवरण,

(ङ) संस्थाको प्रवन्धपत्र/विधान/नियमावलीको प्रतिलिपि,

(च) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि एवं लेखा परीक्षण प्रतिवेदन,

(छ) सञ्चारमाध्यम सञ्चालनमा रहेको एक वर्ष पुरा भएको प्रमाण,

(ज) टेलिभिजनको हकमा इजाजत अनुसार भू-सतही, भू-उपग्रह तथा केबलबाट प्रसारण भएको प्रमाणपत्र,

(झ) प्रसारण माध्यमहरुले दश प्रतिशत भन्दा बढी कार्यक्रमहरू रिले प्रसारण नगरेको, टेलिभिजनको हकमा इजाजत अनुसार केबुल तथा स्याटलाइटबाट प्रसारण भएको, प्रसारण संस्थाको हकमा वर्षमा कम्तिमा तीन सय बीस दिन नियमित प्रसारण भएको, दैनिक प्रकाशनको हकमा वर्षमा कम्तिमा तीन सय बीस दिन प्रकाशन भएको र साप्ताहिक प्रकाशनको हकमा वर्षमा कम्तिमा पैतालिस अंक प्रकाशन भएको स्वघोषणा पत्र र अनलाईन सञ्चारमाध्यमको हकमा नियमित रूपमा अध्यावधिक भएको स्वघोषणा तथा प्रमाण।